गाउँ सभाका सभाध्यक्ष ज्यू,
सभाका सम्पूर्ण सम्मानित सदस्य ज्यूहरू,

१ सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकको बलिदानीपूर्ण संघर्ष, जनयुद्ध र विभिन्न समयका आन्दोलनहरूबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्ने गरी जननिर्वाचित संविधानसभाबाट घोषणा भएको नेपालको संविधानमा व्यवस्था भए बमोजिम संघीय शासन प्रणालीबाट गठित स्थानीय सरकारका नागरिकको प्रतिनिधिमूलक यस गरिमामय गाँउ सभामा फोक्सुण्डो गाउँपालिकाको आर्थिक वर्ष ०७८।०७९ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा म खुशी व्यक्त गर्न चाहान्छु ।

२) यस अवसरमा लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, सामाजिक न्याय र विभिन्न स्थानीय तथा स्थानीय तह निर्माणका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस क्रममा बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहुने व्यक्तित्वहरूको स्मरण गर्दै उहाँहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३) विश्वब्यापी रूपमा फैलिएको कोभिड(१९) महामारीले सम्पूर्ण मानव जातीलाई नै आक्रान्त बनाएको छ । यसबाट स्वदेश र विदेशमा ज्यान गुमाएका नेपाली लगायत सबै मृतकप्रति हार्दिक श्रद्धाञ्जली र शोकाकुल परिवारजनप्रति समवेदना अर्पण गर्दछु । साथै, संक्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यस विषय महामारीबाट जीवन रक्षाका लागि सरकारबाट लिइएको नीतिको परिपालनाका लागि सबैलाई धन्यवाद दिदै थप सतर्कता र संयमता अपनाउन समेत अपिल गर्दछु ।

४) कोभिड(१९)बाट उत्पन्न संकट व्यवस्थापन गर्न स्थानीय सरकार उच्च प्राथमिकताका साथ सक्रिय छ । विदेशमा तथा शे फोक्सुण्डो गाउँपालिका बाहिर रहेका र घर फिर्ता हुनका लागि मानवीय संवेदनालाई उच्च महत्व दिदै गन्तव्य सम्म पुग्न सहजीकरण, गाउँपालिका प्रवेश हुने नाकामा स्वास्थ्य जाँचका लागि स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको परिचालन, जिल्लास्तरीय तथा स्थानीय तह स्तरीय क्वारेन्टिनको व्यवस्था, राहत वितरण, स्वास्थ्य संस्थामा आइसोलेसन कक्ष निर्माण, आवश्यक औषधी, स्वास्थ्य सामग्री र आवश्यक पूर्वाधारको शीघ्र विकासका लागि शे फोक्सुण्डो गाउँपालिकाले बजेट प्रवाह र जनशक्ति परिचालन गरिरहेको सबै विदितै छ ।

५) यस महामारीको नियन्त्रण, रोकथाम र उपचारको अग्रपङ्तीमा रहेर महत्वपूर्ण योगदान गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा सञ्चारकर्मीप्रति उच्च सम्मान र आभार प्रकट गर्दछु । यस विषम परिस्थितिमा गाउँपालिका विपद् व्यवस्थापन योगदान गर्ने व्यक्तित्वहरू, महामारीको प्रभाव न्यूनीकरणमा खटिनु हुने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सामाजिक तथा गैरसरकारी संघ संस्था र बन्दाबन्दी एवं ब्यक्तिगत तथा सामाजिक दूरीको पालना एवं संयमता अपनाई सरकारलाई सहयोग गर्नुहुने आम फोक्सुण्डोबासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यस महामारीलाई परास्त गर्ने अभियानमा सबैले आ आफ्नो स्थानबाट थप महत्वपुर्ण योगदान पुऱ्याउन आह्वान गर्दछु ।

६) यस संकटको घडीमा विदेश र मुलुकका अन्य स्थानहरूबाट सीमानामा आई अलपत्र परेका र बन्दाबन्दीको कारणले समस्यामा परेका नागरिकको सुरक्षा तथा उद्धार गर्नु यस गाउँपालिकाको एक प्रमुख दायित्व हुन आउँछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

७) चालु आर्थिक वर्षको वजेट, नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरी संघीयताको नवीन अभ्यासलाई सार्थक बनाउने दिशामा शे फोक्सुण्डो गाउँपालिकाका सबै संयन्त्रहरू क्रियाशील छन् । स्थानीय सरकार गठन भएको छोटो समयमा पनि हाम्रो अर्थक प्रयासबाट आर्थिक, सामाजिक र पूर्वाधारका सूचकहरूमा उल्लेखनीय प्रगति हासिल भएको महशुस गरेको छु ।

८) नवौं गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रमले कोभिड –१९ ले अर्थतन्त्रमा पारेको प्रभावलाई न्यूनीकरण गर्नुका साथै शे फोक्सुण्डो गा पा राजनीतिक, आर्थिक, सामाजिक लगायतका समग्र शासकीय क्षेत्र र विकासमा थप सुधार तथा प्रगति हुने विश्वास लिएको छु । सरकारी, निजी, सहकारी, विकास साझेदार लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँगको संयुक्त प्रयास, समन्वय, सहकार्य र साझेदारीबाट प्रस्तुत नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन भई फोक्सुण्डो गाउँपालिकाको विकास र समृद्धिमा योगदान पुऱ्याउने अपेक्षा गरेको छु ।

९) प्रस्तुत नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन भई कोभिड –१९ को प्रभावबाट देखिएको महामारी नियन्त्रण गरी फोक्सुण्डो बासीको जीवन रक्षा र यस संकटबाट उत्पन्न हुनसक्ने खाद्य संकटको निवारण र शिथिल बनेको आर्थिक गतिविधिलाई पूनर्जीवन दिन सक्षम हुनेछ भन्ने विश्वास लिंदै सर्वपक्षीय सहयोगका लागि अपील गर्दछु ।

**सम्मानित गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस गरिमामय गाउँसभा समक्ष फोक्सुण्डो गाउँपालिकाले आ व २०७८।०७९ को लागि नीति तथा कार्यक्रम पेश गर्न अनुमति चाहन्छु ।

**१। मूलभूत नीति तथा कार्यक्रमः**

१। स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानूनहरु तर्जुमा भैसकेको र ति कानूनहरु समयानुसार परिमार्जित गर्दै बाँकी कानूनहरु तर्जुमा गरी कानूनहरु सम्मानीत गाउँसभाबाट पारित गराइ आम नागरिकलाई स्थानीय सरकारको उपस्थितिको आभाष गराईनेछ।

२। रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति, प्रगति, समृद्धि एवं विकासको दूरदृष्टी तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न गाउँपालिकाको विधुतीय प्रोफायल र गाउँपालिकाको आवधिक योजना तयार गरी सोही अनुसार योजना सञ्चालन गरिनेछ।

३। समृद्ध गाउँपालिका निर्माणका लागी सार्वजनिक निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाईनेछ।गाउँपालिका भित्रका सम्पूर्ण सहकारी संस्थाहरुको लगत संकलन गरी सहकारीहरुको अनुगमन, सुपरीवेक्षण प्रभावकारी रुपमा गरिनेछ ।

४। बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष्य आम जनसमुदायको चाहना अपेक्षा एवं आवश्यकतालाई दृष्टीगत गरी कार्यक्रम तय गरिनेछ ।

५। कृषि तथा पशुपालन व्यवसायलाई गाउँपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ। स्थानीय तरकारी बाली फलफुल संरक्षण संबद्धन र कृषि उत्पादनलाई जोड दिई आधुनिकीकरण र व्यवसायीकरण गर्दै कृषिमा आत्मनिर्भर अर्थतन्त्र बनाउने तर्फ जोड दिनुको साथै पशुपालन व्यवसायलाई आर्थिक उत्पादकत्व सँग आवद्ध गरी गुणस्तरीय उत्पादन र बेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाईनेछ।

६। विकासका कार्यहरुलाइ परिणाममुखि बनाउन नतिजामा अधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।

७। जडिबट्टी र फलफूलको उत्पादन तथा बेचनबखनको सम्भाव्यतालाइ महशुस गर्दै नर्सरीको स्थापना तथा बजारीकरण गर्न विशेष पहल गरिनेछ।

८। गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वधारहरुलाइ गणुस्तर र प्रभावकारी बनाउन प्राविधिक रुपमा पुर्व सम्भाव्यता अध्ययन नीति अवलम्बन गर्दै आएकोमा यसलाई निरन्तरता दिईनेछ ।

९। गाउँपालिकामा रहेका प्राकृतिक श्रोत, जडीबट्टी, लोपोन्मुख बन्यजन्तु लगायतको संरक्षण सम्वर्द्र उपयोग गर्न आवश्यक योजना तयार गरी सम्बन्धित निकायहरु संग समन्वय गरी अगाडी बढाइनेछ ।

१०। बालविवाह एक समस्याका रुपमा रहेकाले बालविवाहका घटनाहरुलाइ निरुत्साहित गर्नका लागि बाल क्लब, अन्य सामदुायिक सन्जालहरु र प्रहरी प्रशासनको समेत संलग्नतामा क्षमता विकास गर्ने कार्यक्रमहरुलाइ प्राथमिकता दिइनेछ ।

११। सामाजिक सुरक्षा कार्यक्रम तर्फ बाल अनदुान, असाहाय विधुवा महिला, अपाङ्गता, ज्येष्ठ नागरिकहरुको भत्ता वितरण कार्यलाइ बैङ्किङ प्रणाली मार्फत कार्यान्वयन ल्याउन आवश्यक प्रकृया अगाडी बढाईनेछ साथै यसै आर्थिक वर्ष भित्र जिल्ला सदरमुकाम दुनैमा प्रभु बैंकको शाखा स्थापना गर्ने र शे फोक्सुण्डो गाउँपालिका वडा नं ८ र ९ लाई पायक पर्ने गरी प्रभु बैंकको काउण्टर स्थापना गर्न पहल गरिने छ ।

१२। गाउँपालिकालाइ वातावरणमैत्री, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिक हिंसा मुक्त बनाईने नीति अवलम्बन गरिनेछ ।

१३। गाउँपालिका भित्र संचालित योजना तथा कार्यक्रमहरुको संयक्तु अनगुमन टोली (Joint Monitoring Team) गठन गरी सपुरीवेक्षण, अनगुमन तथा मूल्याङ्कनलाई अझ प्रभावकारी रुपमा लागूगरिनेछ ।

१४। सेवाग्राहीहरुको गनुासो तथा उजरुीहरुलाइ तत्कालै सनुवुाइ)Rapid Response) गर्ने व्यवस्था गरिनेछ ।

१५। पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्य निष्ठताका साथ सेवा प्रवाहलाइ सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार मक्तु बनाइनेछ ।

१६। प्रशासनिक काम कारबाहीलाई सरल, चुस्त, प्रभावकारी बनाउन निर्णय गर्ने हिलाइ घटाइनेछ । लामो र झन्झटिलो निर्णय प्रकृयालाइ घटाउँदै एकद्वार सेवा प्रवाह प्रणाली) One Door System) अपनाइनेछ ।

१७। वार्षिक योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिका स्तरीय आवधिक योजना (Rural Municipality Periodic Plan) तयार हुने क्रममा रहेकोले शीघ्र तयार गरी उक्त अनसुार योजना लागू गरिनेछ ।

१८। सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी सेवा सुविधा, तलब, भत्ता एकरुपता कायम गरिनेछ । कार्यक्रममा दोहोरोपना हुन नदिन विशेष व्यवस्था गरिनेछ ।

१९। यस गाउँपालिका भित्र छरिएर रहेका साना, ठूला व्यवसायी, सहकारी, संघ संस्था, विभिन्न कृषि समूह महिला समहु, आमा समूह, क्लबहरुलाइ सूचीकृत गरी आवश्यक अनगुमन, मूल्याङ्कन तथा सपुरीवेक्षण गरिनेछ।

२०। गाउँपालिका क्षेत्रभित्र कुनैपनि संस्थाले तालिम, गोष्ठी, सेमिनार संचालन गर्नु परेमा गाउँपालिकाको समर्थन लिनुपर्नेछ । साथै त्यस्ता कार्यक्रममा सहभागीको नामावली अनिवार्य सार्वजनिक गर्नुपर्नेछ।

२१। रसायन मक्तु क्षेत्र घोषणा गर्न पूर्वधार तयार गरिनेछ।

२२। आफ्नो वडा, आफैं बनाउँ भन्ने मूल नीतिलाई अबलम्बन गरिनेछ।

२३। गाउँपालिकाभित्र संचालन हुने विकास निर्माणको योजनाहरूमा पाँच प्रतिशत )Contingency Cost) काटिनेछ।

२४। फोक्सुण्डो गाउँपालिका क्षेत्रमा रहेका निरक्षरता तथ्याङक संकलन गरी निरक्षरता उल्मुलन गरीनेछ ।

२५। यस गाउँपालिकामा नयाँ निर्माण गरीने खानेपानी आयोजनाहरू निर्माण गर्दा एक घर एक धाराको नीतिलाई अवलम्वन गरीनेछ ।

२६। अगामी शैक्षिक शत्र देखि सम्पूर्ण आधारभतू विद्यालयहरूमा कक्षा १ देखि शुरु हुनेगरी अंग्रेजी माध्यम अध्ययन अध्यापन गरीनेछ ।

## २। क्षेत्रगत नीति तथा कार्यक्रम

### क आर्थिक विकासः

#### १ कृषि तथा पशु विकासः

- दिगो कृषि विकास, जैविक विविधता प्राकृतिक श्रोत तथा वातावरण संरक्षण विच संन्तुलन कायम राख्ने नीति लिइने छ ।
- कृषक समुह, सहकारी, सरकारी तथा गैरसरकारी संस्था र स्थानीय तहहरुको साझेदारीमा कृषि कार्यक्रमहरुको सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ ।

- खाद्यान्न उत्पादनलाइ प्रोत्साहन गर्न सिमी, फापर, आलु उत्पादक किसानहरुलाइ पकेट क्षेत्र निर्धारण गरी त्यस क्षेत्रको उत्पादन परिमाणको आधारमा प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र घुम्ती कृषक पाठशालाको स्थापना गरी अगुवा कृषक तयार पारिनेछ।
- जलवायुपरिवर्तन रोग प्रकोप एवंप्राकृतिक विपद् बाट कृषि क्षेत्र लगायत मानवीय जोखिमलाइ न्युनिकरण गरिनेछ। पशु वस्तु तथा वाली विमा विस्तारमा जोड दिइनेछ ।
- स्थानीय उत्पादन वृद्धि रोजगारी सिर्जना गरीवी न्यनूनकरण गर्न सहकारी क्षेत्रको प्रवद्धनमा जोड दिइनेछ । उद्देश्य र कार्यक्रम विश्लेषणका अधारमा सहकारी संस्थाहरुलाइ एकअपसमा गाभिन प्रोत्साहन गरिनेछ ।
- कृषि तथा कृषिजन्य उद्यम व्याबसायलाइ रोजगारीको मुख्य क्षेत्रको रुपमा विकास गरिनेछ
- कृषि उत्पादन, प्रशोधनमा उपलब्ध गराईन सहुलियत र प्राविधिक सेवाको प्रवन्ध गर्न हरेक किसानलाइ स्थानीय तह मार्फत सचीूकरण गर्ने कार्यको थालनी गरिनेछ ।
- वास्तविक कृषकलाइ सरल ढंगले उत्पादनमा अनुदान उपलब्ध गराइने नीति लिइनेछ ।
- उच्च मूल्यका कृषि वस्तु सिमी, ओखर, व्याबसायीक उत्पादन गर्न, कृषकहरुलाइ प्रोत्साहन गरिनेछ
- विरुवा, विउ, कृषि उपकरण लगायतका अधारभतू कृषि सामग्री समयमै उपलब्धता सुनिश्चित गरिनेछ ।
- कृषि उत्पादन वृद्धि गर्नसाना सिंचाइ आयोजना संचालान गरिनेछ
- परम्परागत मौलिक बालीको विकासमा प्रोत्साहन र अर्गानिक कृषि उत्पादन र कृषि उपजको बजारीकरणमा सहयोग गरिनेछ
- उत्पादनलाइ मध्ये नजर गरेर एक क्षेत्रलाइ एक उत्पादनको क्षेत्र विस्तार गरिने छ
- बाझो जमिन प्रयोजनको लागी एक गाउँ एक उत्पादन कार्यक्रम संचालन गरिनेछ
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि विकसित प्रविधिहरुको प्रचार प्रसार र प्राविधिक सेवा सर्व सुलभ रुपमा प्रदान गर्न गाउँपालिका सबै सेवा केन्द्रमा विभिन्नस्तर व्यावसायिक विषयमा तालिम सञ्चालन गरी कृषकलाई सक्षम गराइने छ ।
- कृषिमा व्यावसायिकरण, यान्त्रिकीकरण गरी उत्पादित वस्तुहरुको बजारिकरण र सामाजिक सम्मानको वातावरणको सिर्जना गरिने छ ।
- साना सिचाई कार्यक्रम सञ्चालन गरी सिंचित भुमिमा उत्पादनमुखी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- हिमाली उच्च समस्थलीहरुमा स्थानीय स्तरको कृषि उत्पादनको लागि माटो परिक्षण लगायत स्थलगत अध्ययन गरिने छ ।

- व्यावसायिक कृषकहरुलाई उत्प्रेरित गर्न उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने कार्यमा जोड दिइने छ ।

- प्रदेशसंगको सह लगानीमा कृषि विउ भण्डारणको लागि १ वटा विउ भण्डार निर्माणमा केन्द्रको जोड दिइने छ

- पशु जन्य उत्पादनको गणुस्तर नियन्त्रण तथा नियमन गरी वजार व्यवस्थापनमा सहजीकरण गरिनेछ । गुणस्तरीय पशु सेवा विस्तार गरी पशुरोग विरुद्ध खोप कार्यक्रम अभियान सञ्चालनमा जोड दिईनेछ।

- व्यवसायिक पशु पालन चौरी, च्यांग्रा, भेडा पालन मार्फत रोजगार सिर्जना गरी युवाहरुलाई गाउँ भित्रै स्वरोजगार वनाउनका लागि प्रतिस्पर्धी अनुदान उपलब्ध गराई युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।

- पशुपालन बृद्धि गरी गुणस्तरीय सुकुटी मासु निर्यातको ब्राण्डको रुपमा गाउँपालिकालाई स्थापित गरिने छ । जसका लागि सुकुटी निर्माण केन्द्र तथा उत्कृष्ट प्याकेजिङमा जोड दिइने छ ।

- शे फोक्सुण्डो गाउँपालिकाको एक मात्र चिज उद्योगबाट उत्पादन हुने चौरीको छुर्पि (याक चिज) नेपालकै उत्कृष्ट भिजेर(४२००) मिटरमा तयार हुने यक फर्मलाई अझै गुणस्तीय क्षमता बृद्दि गर्नका लागि चौरी फर्म स्थापना गरी उत्पादक कम्पनीलाई अनुदान तथा प्रोत्साहन गरिने छ ।

- कृषकहरुमा सीप हस्तान्तरणद्धारा आधुनिक पशु पालन पद्धतिको विकास गर्दै लैजाने कार्यमा जोड दिइने छ ।

- पशुपालन क्षेत्रको विकासमा कृषक समुह, समिति, सहकारी, गैर सरकारी संस्था र गाउँपालिकाविच सहकार्य गरिने छ ।

- व्यवसायिक पशु पालनलाई उत्प्रेरित गर्न विभिन्न तालिम तथा प्रोत्साहनलाई जोड दिइने छ ।

- प्रदेश सरकार र केन्द्र सरकारको साझेदारी, सहलगानीममा पशु पालनलाई उत्पादनमुलक आर्थिक र रोजगारीमुलक सम्मानित पेशाको रुपमा विकसित गरिने छ स

- शे फोक्सुण्डो गाउँपालिकालाई डोल्पाको उत्कृष्ट पशु पालन क्षेत्रको रुपमा पहिचान हुने गरी विकास गरिने छ ।

**२ सहकारी तर्फ**

- गुणस्तर निर्धारण गर्ने संस्थागत क्षमता तिकास गरीसवै सहकारी संस्थाहरुलाई गाउँपालिकामा आवद्ध गरिनेछ । सवै सहकारीसंथाहरुलाई गाउँपालिकाले समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाईनेछ।

- श्रमिक सहकारी मार्फत निरन्तर रुपमा उपयुक्त पारिश्रमिक सहितको मर्यादित रोजगारीको व्यवस्थागर्न पहल

गरिनेछ । सहकारी मार्फत वुस्तु उत्पादन प्रशोधन, ग्रेडिङ, लेवलिङ, प्याकेजिङ र भण्डारण पश्चात बजारीकरण मूल्य श्रृखलासिर्जना गर्नु पर्ने हुन्छ यसका लागी स्थानीय स्तरमा सहकारी सयंन्त्र निर्माण गर्नपहल गरिनेछ ।

- स्थानीय स्तरका सवै व्यपारिक फर्म तथा पसलहरुलाई अभिलेखिकरण गर्ने व्यवस्थामिलाईनेछ।
- स्थानीय स्तरका व्यापारीहरुलाई उपभोग्य खाद्य वस्तु आपुर्ति प्रणालीमा सुधार एवं भण्डारण क्षमतामा वृद्धि गर्न र अन्तरिक वितरण प्रणाली सदृढ गर्न प्रोत्साहान गरिनेछ ।
- गाउँपालिकाभित्रका सहकारीहरु दर्ता, नविकरण तथा आवश्यकता अनुसार क्षमता वृद्धिका कार्यक्रमहरु तथा प्रभावकारी अनुगमन गरिनेछ ।
- लघुउद्यम प्रवद्धनका लागि गाउँपालिका स्तरमा १ लघुउद्यम स्थापना गरी संचालनमा ल्याइनेछ ।
- व्यवसायीक क्षेत्रमा लगानी गर्न चाहने यवूाहरुलाइ आधारभुत तालिम, यन्त्र औजार सहयोग र अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ।
- बैदशिक रोजगारबाट फर्केका तथा बेरोजगार यूवाहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाइ स्वरोजगार मुखि सीप प्रदान गरिनेछ।
- युवा स्वरोजगार तथा उधमशीलता विकासका लागि युवा उद्यमशीलता कार्यक्रम संचालन गरीनेछ ।

**३ उद्योग तर्फ**

- औद्योगिक क्षेत्रमा लगानी बढाउन तथा स्थानीय उद्योग धन्दालाइ प्रोत्साहन गर्न आवश्यक नीतिगत, कानूनी, प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनुका साथै लगानी मैत्री वातावरण सिर्जना गरिनेछ।
- स्थानीय उद्योग धन्दा, कलकारखाना, बालीनालीबाट उत्पादित वस्तुहरुको बजारीकरणको प्रवन्ध गरी स्थानीय रोजगारी तथा आय आर्जनमा वृद्धि गरिनेछ।
- घरेलु संगको सहकार्यमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार यन्त्र उपकरण प्रदान गरिने छ ।
- स्थानीय सीप श्रोत साधन एवं प्रविधिको प्रयोगलाई बढावा दिइ व्यवसायिक उत्पादन तर्फ अग्रसर गराउने कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय वन पैदावार प्राकृतिक श्रोत साधन जडिवुटीमा आधारित उद्योगहरु स्थापना गर्न लगानीकर्ताहरुलाई उचित वातावरणको व्यवस्था गरिने छ ।

४ पर्यटनतर्फ

- शे फोक्सुण्डो गाउँपालिकाको पर्यटकीय क्षेत्रको पहिचान हुने गरी पर्यटन योजना निर्माण गरी गाउँपालिकाको पुस्तक प्रकाशन गरिने छ । साथै पर्यटन सुरु यो यसै आ.व. भित्र तयार गरि कार्यान्वयनमा ल्याइनेछ ।

- स्थानीय पर्यटनका सम्भावनाहरुलाइ यथासम्भव खोज अनसुन्धान, संरक्षण तथा प्रवद्धन गर्न शे फोक्सुण्डो गाउँपालिकाको पर्यटन योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । शे गुम्वा साम्लिङ गुम्वा र याङ्जेर गुम्वाहरुलाई धार्मिक पर्यटनको क्षेत्रको रुपमा प्रवद्धन गरिनेछ ।

- शे फोक्सुण्डो गाउँपालिकाको केन्द्र साल्दाङमा साकृतिक संग्रहालय स्थापना गरिने छ ।

- प्रदेश सरकार तथा गाउँपालिका समेतको सहकार्यमा दुनै फोक्सुण्डो साल्दाङ, भिजेर हुदै मुगु छाँयाँनाथ जाने पर्यटन पदमार्गको विकासका लागि अध्ययन तथा गुरु योजना तयार गरिने छ ।

- गाउँपालिका भित्र रुचि राख्ने युवाहरुलाई ट्रेकिङ गाइड तथा पर्यटकीय प्रवद्र्धन मुलक तालिम दिइने छ ।

- पर्यटन बसाई व्यवस्थापनको लागि छेप्का, रिग्मो, शे गुम्बा, साल्दाङ, भिजेर, फोतगाउँ, याङजेर गुम्बा र रापामा होमस्टेहरु स्थापना गरी सञ्चालकलाई प्रशिक्षण दिइने छ ।

- कोरोना संक्रमण नियन्त्रण पश्चात पर्यटन प्रवर्धनका लागि फोक्सुण्डो महोत्सव भव्य रुपमा सञ्चालन गरिने छ ।

- पर्यटन प्रवर्धन सम्बन्धी क्रियाकलाप सञ्चालन गरिने छ । गाउँपालिकाको पहिचान हुने तथा पर्यटन प्रवर्धन हुने गरी विभिन्न सरोकारवाला निकायसंगको सहकार्यमा विभिन्न पर्यटन पुर्वाधार निर्माणमा जोड दिइने छ

खसामाजिकविकासः

५युवा तथा खेलकुदतर्फ

- स्थानीय खेलकुदलाई प्रवद्र्धन गर्ने गरी गाउँपालिका स्तरीय खेलकुद आयोजना सञ्चालन गरिने छ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत यसै वर्ष भित्र सवै बेरोजगार युवाहरुलाई सय दिनको रोजगार प्रदान गरिनेछ त्यसका अलावा इच्छाइएको पेशा व्यवसाय गर्ने युवालाई पुजीको रुपमा अनुदान दिने व्यवस्थालाई जोड दिइनेछ

- संघ तथा प्रदेश नीति अनुसार १ स्थानीय तह १ खेल मैदान निर्माण अन्तर्गत गाउँपालिकाको खेल मैदान निर्माण कार्यलाई अगाडि बढाइने छ ।

- बेरोजगार युवा जनशक्तिलाई सीप मुलक स्वयंम रोजगार वनाउन स्वरोजगार तालिम प्रदान गरिनेछ ।
- युवा आत्म निर्भर वनाउन बैंक निजी क्षेत्र लगायत सहयोगी संस्थासंग सहकार्य गरिने रोजगार कार्यक्रम सञ्चालनमा जोड दिइने छ ।
- यूबा सँग अध्यक्ष कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।
- स्थानीय पाठ्यपुस्तक यसै आ व मा तयार गर्ने कार्यलाई अगाडि बढाइने छ ।

## ६ शिक्षातर्फ

- शिक्षा क्षेत्रको व्यापक सुधारको लागि उपाध्यक्ष संग शैक्षिक सुधार कार्यक्रम रुपमा सबै सुधारका कार्यक्रम सञ्चालन गरिने छ ।
- शिक्षण सिकाईलाई सुचना तथा सञ्चार प्रविधिसंग आवद्ध गराउन प्रत्येक विद्यालयमा आवश्यक पुर्वाधार विकासमा जोड दिइने छ ।
- विद्यालय विस्तार हुन नसकेका साना साना छरिएर रहेका वस्तीहरु जस्तै फोत गाउँ, मोसी गाउँ र छेप्का गाउँमा गाउँपालिकाको लगानीमा इ. सि. डि. कक्षा सञ्चालनको लागि अनुदान उपलब्ध गराइने छ ।
- सबै विद्यालयको एकै किसिमको पाठ्यपुस्तक एकै समयमा परिक्षा हुने गरी वार्षिक क्यालेण्डर तयार गरिने छ । भने विशेष गरी नेपाली भाषामा जोड दिने खालको नीति ल्याइने छ ।
- आधारभुत तह उतिर्ण तथा अन्य कक्षागत तहको परिक्षालाई तोकिएको मापदण्डका आधारमा व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न जोड दिइने छ ।
- सम्पुर्ण विद्यालयमा क्रमशः पुस्तकालय, गणित, विज्ञान र कम्प्युटर प्रयोगशाला व्यवस्थित गर्दै लगिनुका साथै त्यसको उचित प्रयोगमा जोड दिइने छ ।
- शिक्षक, प्र. अ. अन्य कर्मचारीको कार्य सम्पादन स्तर र विषयगत नतिजा विश्लेषणका आधारमा थप सुविधा विस्तार गरिनुका साथै प्राथमिकताका आधारमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ ।
- लक्षित वर्गको पहुच वृद्धि गर्न विभिन्न छात्रवृत्ति प्रदान गरिनुका साथै नियमित विद्यार्थी विद्यालय पठाउने र शिक्षामा चासो राख्ने अभिभावकहरुलाई गाउँपालिकाको अन्य थप सुविधा प्रासिसंग आवद्ध गरिने छ ।
- विद्यार्थीको प्रतिभा पहिचान र प्रस्फुटनका लागि विभिन्न क्षेत्रका खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ ।

- शैक्षिक प्रशासनलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन शिक्षा शाखासंग प्र. अ. को कार्यसम्पादन सम्झौता गरी त्यसको उचित कार्यान्वयनमा जोड दिइने छ ।

- शैक्षिक गुणस्तर सुधारमा अग्रसर रहने र राम्रो नतिजा प्राप्त गर्ने विद्यालयका प्र. अ., विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय कर्मचारी र विद्यालयलाई समेत उत्कृष्टताका आधारमा पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

- नयाँ विद्यालय सञ्चालन गर्नका लागि कम्तीमा ३० देखि ३५ सम्म विद्यार्थी संख्या भएमा मात्र संचालन अनुमती दिइनेछ ।

- शिक्षा क्षेत्रमा लगानी गर्न चाहने गैर सरकारी संस्था वा दातृ निकायलाई उनिहरुको कार्यक्रमको प्रभावकारिता र त्यसबाट प्राप्त हुने प्रतिफलको अनुमानका आधारमा अनुमती र स्वीकृति प्रदान गरिने छ ।

- विद्यालयहरु वीचको दुरी, विद्यार्थी र शिक्षक अनुपात र समुदायको आवश्यकतालाई मध्यनजर गर्दै विद्यालयको समोजन, दरवन्दी मिलान र वितरण गरिने छ । यसका लागि टाढाबाट विद्यालय जानु पर्ने विद्यार्थीलाई मध्यनजर गरी आवासिय विद्यालय विस्तारमा जोड दिइने छ ।

- विद्यालयको भौतिक पुर्वाधार निर्माण सुधार, शिक्षक तलिम र सामुदायिक सचेतना कार्यक्रमको माध्यमबाट विद्यालयको वातावरणमा सुधार ल्याई सामुदायिक सहभागिता र वातावरण संरक्षणमा सहयोग पुऱ्याइने छ ।

- विद्यालय स्वच्छ सरसफाई कार्यक्रम अन्तर्गत सफा पिउने पानी, वालमैत्री शौचालय तथा नियमित सरसफाई, प्राथमिक उपचार कक्ष, कक्षा कोठा व्यवस्थापन जस्ता कुराहरुको क्रमशः सुधार गर्दै लगिनेछ विद्यालयमा,हाल देखिएको निजी र सरकारी शिक्षक विचको अमिलन तथा मेलमिलापमा कमीको अवस्थालाई सकारात्मक सोच सम्बन्धी प्रशिक्षण लगायतका अन्तरक्रिया सञ्चालन गरिनि छ ।

- शिक्षा ऐन तथा नियमावलीको प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।

- प्रदेशसंगको सहलगानीमा स्थानीय तहमा सार्वजनिकपुस्तकालय स्थापना गर्ने नीति लिइने छ ।

- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षा शाखा, निर्वाचित जनप्रतिनिधी, टोल सुधार समितिहरु मार्फत नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षणमा जोड दिइने छ ।प्रदेशसंगको सहकार्यमा सामुदायिक विद्यालय र वाल विकास केन्द्रमा शौचालय, खानेपानी निर्माण, विद्यालय नक्सांकन, आवाशीय विद्यालय रुपान्तरण जस्ता कार्यमा जोड दिइने छ ।

- जेहेन्दार तथा उच्च शिक्षा अध्ययन गर्न इच्छुक विद्यार्थीलाई विभिन्न प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गरी स्थानीय स्तरमा समेत सेवा पुऱ्याउने गरी छात्रवृत्ति प्रदान गरिने छ ।

- शेल्री डुग्ड्रा आधारभुत विद्यालय र तापरिचा मा. वि. लाई क्रमशः मा. वि. र उच्च मा. वि. को रुपमा स्तरोन्नती गर्ने कार्यलाई जोड दिइने छ ।

- तत्काल कोरोनाको प्रभावबाट अबरुद्ध पठनपाठनमा जोडदिनकालागि बैकल्पिक शिक्षण क्रियाकलापमा जोड दिइनेछ।
- तापिरिचा माबि लाई प्रबिधिमैत्री बनाउन स्रोत साधनको ब्यबस्था मिलाईने छ ।
- शिक्षाको पालिकास्तरीय प्रोफाइल तयार गरि शैक्षिक योजना निर्माण गर्ने छ ।
- उच्च शिक्षा अध्ययनका लागि पालिकास्तरिय छात्रवृत्ति कार्यक्रम संचालन गर्ने छ ।
- इ सि डी सहजकर्ताका लागि प्रोत्साहनको कार्यक्रम संचालन गर्ने छ ।
- पालिका भित्रको उच्च शैक्षिक उपलब्धी हासिल गर्ने सामुदायिक माध्यमिक विधालयलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गर्ने छ ।
- आवासिय सामुदायिक बिद्यालयको भौतिक पुर्बाधार निर्माण सहायता कार्यक्रम संचालन गर्नेछ ।
- प्रधानाध्यापकको नेतृत्व क्षमता बिकास कार्यक्रम संचालन गर्नेछ ।
- पालिकाभित्रका प्रत्येक सामुदायिक विद्यालयलाई कार्यालय ब्यबस्थापन र संचालन सम्बन्धि कार्यक्रम संचालन गर्नेछ
- गाउँपालिका भित्र अङ्ग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्न आधारभुत तह सबै विद्यालयमा कार्यक्रम थप गरीने छ।जिर्ण अवस्थामा रहेका विद्यालयहरुको भौतिक पूर्वधारको मर्मत सम्भार गरिनेछ ।
- विद्यार्थी शिक्षक अनुपातमा दरवन्दी निधिधारण गरी आवश्यकताको आधारमा शिक्षक परिपुर्ती गरिनेछ।साथै शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारी, व्यवस्थापन समितिको साझा विद्यालय अचारसंहिता बनाइ कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँ वस्ती टोलमा रहेका १५ वर्ष माथिका निरक्षर जनसंख्याको लागत संकलन गरी अनौपचारिक शिक्षा प्रदान गरी गाउँपालिकालाइ साक्षर गाउँपालिका स्थापना गर्नेअभियान सन्चालन गरिनेछ ।
- आफ्नो विषयमा राम्रो रिजल्ट ल्याउने विषयगत शिक्षकहरुलाइ पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यार्थी संख्या दुरी र आवश्यकताका अधारमा शिक्षक थप घट गरिनेछ।
- तापिरिचा माध्यामिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक सीपको शैक्षिक कार्यक्रम संचालन गरीनेछ ।

७ <u>स्वास्थ्यतर्फ</u>

**सभा अध्यक्ष ज्यू**

- सुनौलो हजार दिनका लागि गर्भवती आमासँग उपाध्यक्ष कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै समग्र स्वास्थ्य सेवामा सुधार गर्ने गरी उपाध्यक्षसंग स्वास्थ्य सुधार कार्यक्रम तय गरी कार्यक्रम कार्यान्वयन गरिने छ ।

- म मेरो स्वास्थ्य र मेरो जिम्मेवारी भन्ने नारालाई स्वास्थ्यको मुल नाराको रुपमा अंगिकार गर्दै गाउँपालिकाको सवै वडामा स्वास्थ्य वीमा गर्न जनतालाई प्रोत्साहन स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ

- यस गाउँपालिकाका सम्पुर्ण नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवको पहुच सुनिश्चत गर्न स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी वनाउन श्रोत साधन सम्पन्न वनाइने छ । भने कर्मचारी भौगोलिक विकटताको नाममा कार्यक्षेत्रमा नबसेको गुनासोलाई सम्बोधन गर्न कार्यालयमा वसाई व्यवस्थापन सुसम्पनगरिने छ । कर्मचारीको सम्बन्धित वडा अध्यक्षको हाजिरी प्रमाणितका आधारमा मात्र तलव तथा अन्य सुविधा दिने कार्यलाई कडाइका साथ लागु गरिने छ ।

- पुर्ण खोप, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व, गाउँघर क्लिनिक जस्ता सेवालाई व्यवीस्थत गर्दै स्वास्थ्यकर्मी र महिला स्वास्थ्य क्षेत्रको पहिलो खुड्कीलो महिला स्वास्थ्य स्वयम सेविकालाई काम गर्न हौसला बढाउनका लागि उत्प्रेरित गर्ने खालको कार्यक्रम सञ्चालन गरिनेछ ।

- स्थानीय तहमा कम्तीमा १५ शैयाको अस्पताल निर्माण गर्ने गरी साल्दाङ, प्राथमिक स्वास्थ्य सेवा केन्द्रलाई क्रमशः स्तरोन्नती गरिनेछ ।

- गाउपालिकाको सवै वडा अन्रगतका प्रत्येक घरमा पुर्ण सरसफाई सहितको शौचालय वनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

- भौगोलिक र जनसंख्याको अनुपातका आधारमा बढीमा ६० मिनेटको दुरीमा एक गाउँ एक स्वास्थ्य संस्थाको अवधारणालाई सफलिभुत वनाउन प्रत्येक वडामा एक एक वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र सहित गाउँपकालिका भित्र यसै वर्ष कम्तीमा ५ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण सम्पन्न भई सकेको तथा वाँकी ४ वटा वडामा पनि आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण प्रक्रियालई अगाडि वढाइने छ ।

- अझै पनि गाउँपालिका क्षेत्र भित्र केही वालवालिका कुपोषणबाट प्रभावित रहेको समस्यालाई सम्बोधन गर्न स्वास्थ्य पोषण कार्यक्रमलाई जोड दिइने छ ।

- दुर चिकित्सा प्रणाली,विद्युतीय स्वास्थ्य प्रविधी साथै आधुनिक प्रविधिलाई अवलम्बन गरी स्वास्थ्य सेवालाई सुदृढ वानउने, केन्द्र्र प्रदेश तथा स्थानीय सेवाहरु विच घनिस्ठ सम्बन्ध तथा दोहोरो प्रेषण प्रणाली स्थापित गरिने छ

- स्वास्थ्य सेवालाई सहज, सरल, सुलभ तथा गुणस्तरीयता सुनिश्चितता गर्न गराउन स्वास्थ्य संस्थाहरुको भौतिक पुर्वाधारहरुको विकासमा जोड दिइने छ ।

- स्वास्थ्यका लागि सक्षम प्रणाली कार्यक्रमले तयार गरी पेश गरेका स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमलाई प्राथमिकता दिई कार्यान्वयनमा जोड दिइने छ ।

- अति गरिव विपन्न, अपाङ्ग लगायत आर्थिक सामाजिक रुपले पछाडि परेका कडा रोगीलाई औषधी उपचार अनुदान दिने नीतिलाइ निरन्तरता दिइने छ ।

- आगामी बर्षमा नियमित रुपमा स्वास्थ्य संस्थामा गर्भजाँच गर्नुका साथै स्वास्थ्य संस्थामा सुत्केरी हुने दरलाई बढाउदै घरमा सुत्केरी हुने कार्यलाई निरुत्साहित बनाइने नीति अवलम्बन गरिनेछ ।
- स्वास्थ्य शिक्षा लैंगिक समानता एवं अन्य सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन र गणुस्तरीय सेवा प्रवाह गरी स्वस्थ शिक्षितन्यायपूर्ण र गतिशिल सामाजिक जीवनको स्थापना गर्नेव्यवस्था गरानेछ ।
- शे फोक्सुण्डो गाउँपालिकालाइ कोभिड १९ महामारी मुक्त गाउँपालिका वनाउन पहिलो प्राथमिकता भएकोले महामारी रोकथामका लागि अपनाईनु पर्ने स्वास्थ्य सजकताको नियम पालना गर्ने गराइनेछ ।
- यस गाउँपालिका लेगुणस्तरीय स्वास्थ्य शिक्षा खानेपानी तथा सरसफाइ क्षेत्रमा सवैनागरिकको समतामूलक पहुचँ सुनिश्चत हुने गरी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । यसका लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ ।
- स्थानीय तहका सवैवडाहरुमा पूर्ण खोप सेवा उपलब्ध गरि पूर्ण खोप वडा कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- सरुवा रोग रोकथाम , नियन्त्रण, उपचार एवंस्वास्थ्य विपद व्यवस्थापनको तयारी तथा प्रतिकार्ययोजना तयार गर्ने र पन्ध्र शैयाको गाउँपालिकास्तरिय सुविधा सम्पन्न अस्पतालको स्थापना गर्न पहल गरिनेछ।
- स्वास्थ्य संस्थाहरुमा औषधी तथा सर्जिकल सामानको अभावहुन नदिन आवश्यक निःशुल्क वितरणका औषधी बाहेकका औषधी खरिद गरी सेवा प्रवाहका लागि आबश्यक प्रवन्ध मिलाइनेछ।
- खोप सेवालाई प्रभावकारी रुपमा सञ्चालन गरी शे फोक्सुण्डो गाउँपालिकालाई पुर्ण खोप गाउँपालिका बनाउनका लागि एक खोप कार्यकर्ता र एक जना खोप ढुवानी गर्नका लागि कार्यालय सहयोगी करारमा राखी सेवा सुचारु गरिने छ ।
- महिला स्वास्थ्य स्वयसेविकाको रेकडिङ रिपोटिङमा सुधारल्याउन क्षमता विकास तालिमको व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य संस्था सुधारकाकार्यक्रम सञ्चालन गरी फोहोर मैला व्यवस्थापन, संस्था सुधारमा व्यवस्थापनमिलाइनेछ ।
- संस्थामा कार्यरत पारामेडिक्स तथा नर्सिङ स्टाफको विभिन्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई सक्षम बनाई विद्यालय स्वास्थ्य कार्यक्रम जेष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम, गाउँघर क्लिनिककार्यक्रमको व्यवस्था मिलाइनेछ ।
- विश्व माहामारीका रुपमा रहेको कोभिड १९ सम्बन्धी चेतना मूलक कार्यक्रम सञ्चालन गर्नुका साथै पोषिलो आहारमा जोड दिने नीति लिइनेछ ।
- स्वास्थ्य क्षेत्रमा कार्यरत सवै कर्मचारीहरुलाइ उच्च मनोवलकासाथ काम गर्ने वातावरण मिलाइनेछ
- स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगम न व्यस्था प्रभावकारी बनाईनेछ।प्रत्येक स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरिनेछ ।

- स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधारमा स्तरोन्नती गरिनेछ । कम्तिमा एउटा स्वास्थ्य चौकीलाइ प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्न सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।
- हरेक घरका गृहणीहरुलाइ बालबालिका हरेचाहर स्वस्थ आहार सम्बन्धी अधारभूत तालिम दिइनेछ ।
- वर्षमा १ पटक भिजेरसाल्दाङ्ग र फोक्सुण्डोमा विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- स्थानीय जडिबुटिर आदिवासी ज्ञानलाइ प्रवद्धन गरेर परम्परागत स्वास्थ्य सुविधा विस्तारमा जोड दिइनेछ ।
- जेष्ठ नागरिक स्वास्थ्य सेवा प्रदान घरघरमा गइ नियमित रुपमा परीक्षण गरी सेवा प्रदान गरिनेछ ।
- सम्पूर्ण विद्यालयका छात्र छात्राहरूलाइ मासिक रूपमा नियमित स्वास्थ्य परीक्षण गरी सेवा प्रदान गर्नका लागिविद्यालय स्वास्थ्य कार्यक्रम संचालनगरिनेछ ।
- स्वास्थ्य सेवा पहुचँमा नरहेका वडा र वडाका वस्तीमा स्वास्थ्य सेवा आम्चिहरुको बिषमापहुचँ बृद्धि गरिनेछ ।
- आम्ची औषधालयका लागि आबश्यक औषधी खरिद गर्न ब्यबस्था मिलाइने छ साथै आम्चीहरुलाई प्रोत्साहनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

<u>८ खानेपानी तथा सरसफाईः</u>

- स्वच्छ खानेपानीमा शे फोक्सुण्डो बासीको पहुचँ अभिवृद्धि गरिनेछ।कम्तीमा प्रत्येक वडामा एउटा खानेपानी आयोजनाको संभाव्यताको अध्ययन गरी यथा सम्भवरुपमा खानेपानी आयोजना संचालनमा ल्याइनेछ । एक घर एक धारा नीति अवलम्वन गरिनेछ।
- प्रदेश सरकार र गाउँपालिकाको एउटै नाराको रुपमा रहेको एक घर एक“धाराको”नीतिलाई अवलम्बन गरिनेछ
- हालै ठेक्का सम्झौता सम्पन्न भएका संघको बिशेष योजना वृहद खानेपानी वडा नं. २,३,४ र प्रदेशको विशेष योजना टाटा गाउँ खानेपानी योजना आ. व. ०७८।०८९ मा सम्पन्न गरी खानेपानी सेवा विस्तार गरिने छ ।
- अझै पनि खानेपानी सेवा पुग्न नसकेको घरधुरीलाई व्यवस्थित खानेपानी सेवा पुऱ्याउनको लागि शुरुवा चरणमा डि.पि.आर. तयार गरीने छ,
- खानेपानीका पुराना आयोजनाहरुको मर्मत, पुनस्थापना, एवं नयाँ आयोजनाहरुको कार्यान्वयनमा जोड दिईनेछ ।
- खानेपानी आयोजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ताहरुलाई मर्मत सम्भार तलिम प्रदान गरिने छ ।

<u>९ संस्कृति प्रवद्धनः</u>

- फोक्सुण्डो गाउँपालिकाको कला, सँस्कृति, भाषा, धर्म र सम्पदाको संरक्षण एवं विकासलाइ जोड दिइनेछ ।

- गाउँपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, गुम्बा, स्तम्भ, ताम्रपत्र, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण प्रवद्धनका लागि अभिलेखिकरण दस्तावेजीकरण गरिनेछ ।
- शे फोक्सुण्डो गाउँपालिका कम्तीमा २ वटा गाउँलाई यस वर्ष पनि सास्कृतिक गाउँको रुपमा घोषणा गरी विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।साल्दाङ्गमा म्यूजियम सँग्रालय
- स्थानीय मौलिक सस्कृतिलाई यहाँको पर्यटन र उत्पादनसंग जोडेर विकास गरिने छ ।

## १० लैंगिक समानता तथा सामाजिक समावेशीकरण:

- लैंगिकताको अधारमा कसैलाइ भेदभाव गरिने छैन साथै यस गाउँपालिकाले लिने हरेक नीतिहरुमा लैंगिक समानतालाइ प्रवर्घन गरिनेछ ।
- यस गाउँपालिकाबाट प्रवाहहुनेहरेक सेवा सुविधामा महिलालाइ विशेष प्राथमिकता दिइनेछ ।
- महिला, दलित, अल्पसंख्यकहरुको क्षमता विकासका लागि सशक्तिकरणका कार्यक्रम संचालन गरीनेछ।

## ११ महिला वालबालिका अपाङ्गता तथा जेष्ठ नागरिक

- महिला वालवालिका अपांग भएका व्यक्ति र जेष्ठ नागरिक सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला हिंसा मानव वेचविखन र ओसार पसारको जोखिमलाइ घटाउन चेतनामलूक कार्यक्रम सञ्चालन गरिनेछ
- लैंगिक विभेद र सवै प्रकारका कुरिती तथा कुसंस्कारको न्युनीकरणका लागि सवै सरोकारवालासँग सहकार्य र समन्वय गरि सामाजिक रुपान्तरणको अभियान मुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- अशक्त, असाहाय, वेसाहारा , जेष्ठ नागरिकलाइ ईच्च प्राथामिकताका साथ संरक्षण गरिनेछ र स्वास्थ्य अन्य सेवा सुविधामा जोड दिइनेछ।
- अपांगता परिचय पत्र वितरण कार्यविधि तयार गरी परिचय पत्र वितरण कार्यलाइ तिब्रता दिइनेछ
- उपाध्यक्षसंग सवै लक्षित वर्ग कार्यक्रमको रुपमा तयार गरी प्रभावकारी कार्यान्वयन गरिने छ ।
- दिर्घकालिकन क्रमागत कार्यक्रमको रुपमा उपाध्यक्षसंग महिला, वालवालिका कार्यक्रम अन्तर्गत महिला अधिकारमा आधारित विकास पद्धतिलाई आत्मसात गर्दै ९ वटै वडाका महिला तथा वालवालिकाहरुलाई नेतृत्व एवंम क्षमता विकास तथा आर्थिक विकासका लागि सीपमुलक तलिम दिइने छ ।
- गाउँपालिका केन्द्रबाट महिलालाई कानुनी सचेतना, संविधान मेलमिलापका विषयमा तलिम प्रदान गरिने छ ।
- १६ दिने महिला हिंसा दिवस, नारी दिवस, नेपाली संस्कृति जोगाउन स्थानीय पर्व जस्ता कार्यक्रम संञ्चालन गरी महिला शसक्तिकरणमा जोड दिइने छ ।

- न्यायिक समितिलाई सक्रिय वनाई महिला प्रति हुने सवै प्रकारका हिंसा तथा विभेदमा छिटो न्याय दिने कुरालाइ प्रथमिकता दिइने छ ।

- वालवालिकाको पोषण लगायत वाल अधिकार विषयमा विभिन्न अन्तरक्रिया लगायतका कार्यक्रम सञ्चालन गरिने छ

- आपतकालिन वाल संरक्षण, आपतकालिन महिला संरक्षणको लागि कोषको रुपमा रकम विनियोजन गरी परिचालन गरिने छ ।

- प्रत्येक विद्यालयमा वालविकास कोष खडा गर्ने गरी कार्यक्रम तय गरिने छ

- अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समाबेशीकरण एवं सेवा प्राप्तीमा सहज पहुचका लागि गाउँपालिका कार्यालय,वडा कार्यालय, सवै स्थानीय स्तरका विषयगत शाखा कार्यालयहरु तथा सार्वजनिक शौचालयहरुलाई क्रमशः अपाङ्गमैत्री वनाउदै लगिने छ ।

- जनजाति, दलित द्धन्द पिडित, शहिद परिवार, आर्थिक सामाजिक रुपले पछाडि परेको वर्ग तथा समुदायको हितको लागि कार्यालय मार्फत लक्षित कार्यक्रम लगायत सीप मुलक र रोजगारीमुलक कार्यक्रम तर्जुमामा जोड दिइने छ

- यस गाउँपालिका भित्रका दुवै खुट्टा नभएका स्थानीय अपाङ्ग व्यक्तिलाई निशुल्क ह्वीलचियर लगायतका अन्य आर्थिक सहायता उपलब्ध गराइने छ ।

- ज्येष्ठ नागरिकलाई सम्मान पुर्वक वाँच्न पाउने हकलाई ग्यारेन्टी गर्न आश्रित परिवार सदस्यलाई अनिवार्य ज्येष्ठनागरिक सेवामा लाग्न उत्प्रेरित गरिने छ । साथै ज्येष्ठ नागरिकलाई पालन पोषण नगरी दुःख दिने व्यक्तिलाई सेवा रोक्का सहितको दण्डित नीति लिइने छ भने गाउँपालिका मार्फत र वडा सम्मान कार्यक्रलाई निरन्तरता दिइने छ ।

- प्रदेश सरकारसंग सहकार्य गरी १ स्थानीय तह १ आश्रम स्थल र दिवा सेवा केन्द्र स्थापनामा जोड दिइने छ ।

## ग भौतिक पूर्वाधार विकासः

### १२ सडक तथा पुलः

- ३० लाख भन्दा माथीका योजनामा सम्भाव्यता अध्ययन र ५० लाख भन्दा माथीका योजनामा डि.पि.आर. तयार गरेर मात्र काम गर्ने प्रकृयालाई अवलम्बन गरिने छ ।

- सवै किसिमका योजनालाई अध्यक्षसंग दिगो र प्रभावकारी पुर्वाधार योजना निर्माण गन नीतिका अधारमा कार्यक्रम सञ्चालन गरिने छ ।

- प्राविधिक शाखाको कार्यचापलाई मध्यनजर गर्दै स्थायी पदपुर्ती नहुन्जेलसम्मका लागि जनशक्ति करार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

- उपभोक्ता समितिले गर्न सक्ने सानो लागतको, प्राविधिक जटिलता नभएका काम मात्र उपभोक्ता समितिलाई दिने, अन्य काम निर्माण व्यवसायी मार्फत गरिने छ । साथै उपभोक्तामिति मार्फत काम गराउदा १५ प्रतिशत लागत सहभागिता साझेदारीलाई अनिवार्य कार्यान्वयन गरिने छ । भने आ. व. को शुरुमा नै ९ वटै वडाका उपभोक्ता समितिलाई तालिम प्रदान गरिने छ ।

- शे फोक्सुण्डो गाउँपालिका भित्र सञ्चालन हुने नेपाल सरकार, प्रदेश सरकाबाट स्वीकृत आयोजना तथा कार्यक्रम र गाउँपालिकाबाट स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्झौताको सीमा भन्दा ढिलो काम गरी विकासमा अवरुद्ध गर्ने उपभोक्ता लगायत सवै निर्माण व्यवसायीलाई कानुनले तोके बमोजिमको दण्ड तथा जरिवाना गर्ने कार्यलाई जोड दिइनेछ ।

- ठुला पुर्वाधार निर्माण आयोजनालाई गौरवका आयोजना घोषणा गरी संघ प्रदेशमा माग गरिने छ ।

- आयोजनाको ठेक्का व्यवस्थापन प्रभावकारी वनाउनको लागि गाउँपालिकाको केन्द्रमा नै विधुत र ईन्टरनेटको प्रभावकारी व्यवस्था गरि ठेक्का खोल्ने कार्यअनिवार्य गरिनेछ ।

- गाउँपालिका केन्द्रबाट प्रत्येक गाउँ बस्ती र वडा केन्द्रलाइ सुरक्षित र भरपर्दो सडक संजालमा जोडिनेछ उक्त सडकमापडण्ड अनसुार नक्सा जाँच पास गरी निर्माण गरिनेछ ।

- आवधिक योजना अनुसार सडक निर्माण र विकास कार्यलाई अगाडि बढाइनेछ। सोको लागि आगामी आ.व.मा छुट भएका सडकको डि.पि.आर. तयार गरिने छ । गाउँपालिकाको महत्वपूर्ण सडक क्याटो देखि निजाल हुदै गाउँपालिकाको केन्द्र साल्दाङ हुदै भिजेर सडक,जोड्ने सिमेन हुदै कोमास साल्दाङ, धो जोड्ने सडक, साङ्टा छेप्का फोक्सुण्डो हुदै शे गुम्वा जोड्ने पर्यटन पदमार्ग सुधार गर्ने कार्यलाई जोड दिइने छ ।

- सडक तथा ग्रामिण सडक निर्माण गर्दा बाटोमा परेको जग्गाको लगत अनिवार्य रुपमा लगत कट्टा गरीनेछ।

- मर्मत सम्भार कोष मार्फत गाउँपालिका क्षेत्र भित्रका कमजोर सडकहरुको नियमित मर्मत अध्यावधिक गरिनेछ ।

- गाउँपालिकाका सवै वडालाई सडक सञ्जालमा जोडिने गरी क्रमागत सडक योजनालाई निरन्तरता दिइने छ ।

- पक्कि पुल बन्ने सम्भावना भएका सडक क्षेत्रमा पक्की पुल निर्माणमा जोड दिइनुका साथै प्रदेशसंगको सहकार्यमा सो वाहेकका क्षेत्रमा झोलुङ्गे पुल तथा ट्रस ब्रिज निर्माण तथा विस्तारलाई अगाडि बढाइने छ ।

- प्राथमिकताको आधारमा, विभिन्न स्थानको झोलुङ्गे पुल र ट्रस ब्रीज निर्माणको लागीडि.पि.आर.यसवर्ष तयारगरी गाउँपालिकाभित्र आवश्यक क्षेत्रमा झोलुङ्गेपलु, बेली ब्रिज र पक्की पुल निर्माणको लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र सडक लगायतका भौतिक पुर्वाधार निर्माण गर्दा उपभोक्ता समितिबाट निर्माण गरिने कार्यका लागि डोजर लगायतका उपकरण प्रयोग गर्दा दररेटमा एकरुपता कायम गरीनेछ ।

## १३ सिंचाईः

- खेतीयोग्य जमीनमा सिंचाइ सुविधा पयुाउन सिंचाई टंयाङकी निर्माण गरी मुख्य कुलोहरु संचालनमा ल्याइनेछ भनेबाँकी सुख्खा जमीन लिफ्ट सिंचाइ प्रविधको लागि सम्भाव्यता कार्यान्वयनमा ल्याइनेछ ।

- शसर्त बजेट मार्फत साना सिचाई आयोजनालाई आगामी वर्ष कार्यान्वयन गर्दै सिचाई प्रणालीको मर्मत सम्भारर नयाँ प्रविधिमा आधारित सिचाई आयोजनाको कार्यान्वयनमा जोड दिइने छ साथै मझौला र ठुला सिचाई योजनाको हकमा केन्द्र सरकार र प्रदेश सरकारमा अनुरोध गरिनि छ ।

- गाउँपालिकाको सबै खेतीयोग्य जमिन बाँझो नराख्नको लागि सिचाई सेवा विस्तारमा जोड दिइने छ ।

- केन्द्र सरकार र प्रदेश सरकारबाट सञ्चालित सिचाई आयोजनाहरुलाई समयमै सम्पन्न गर्न, गुणस्तरीय बनाउन प्रभावकारी रुपमा समन्वय तथा अनुगमन गरिने छ ।

## १४ भवन

- यसै आ.व. भित्र गाउँपालिका केन्द्र भवन, वडा कार्यालय भवनहरु र प्रहरी चौकी भवन, स्वास्थ्य चौकी भवन लगायत अन्य भवन संरचनाहरु केन्द्र सरकारको समपुरक कोष तथा गाउँपालिकाबाट विनियोजित समपुरक कोष र साझेदारी कोषबाट लगानी गरि निर्माण कार्यलाई लअगाडि बढाइने छ ।

- यथाशिघ्र निर्माण हुने गाउँपालिकाको भवन र वडा भवनहरुको निर्माणको लागि वजेट तथा सहयोगी दाताहरुको खोजि गरिनेछ ।

- स्वास्थ्य संस्था लगायत सबै विषयगत शाखा र विद्यालय भवनहरु निर्माणगर्दा अपाङ्गमैत्री वातावरणमैत्री अवधारणालाई आत्मसात गरिने छ ।

- गाउँपालिका भित्र अव निर्माण हुने सम्पुर्ण भवन तथा घर निर्माण गर्दा मौलिक र साँस्कृतिक ऐतिहासिक पहिचान झल्किने गरी एकै किमिमका गरी भुकम्प प्रतिरोधि बनाइनेछ ।

- गाउँपालिका क्षेत्रभित्र बनेका सम्पूर्णघरहरुको हालको अवस्था तथ्याङक संकलन गरि अभिलेखिकरण गरिनेछ।

## १५ जलतिद्युत तथा उर्जा

- शे फोक्सुण्डो गाउँपालिकालाइ समद्ध , समुन्नत बनाउन आवश्यक पर्ने क्षेत्रमा सम्पुर्ण गाउँपालिका बासीलाइ पर्याप्त पुग्ने १ मेघावाट सम्मको फोक्सुण्डो साना जलविधुत आयोजना सम्भाव्यता अध्ययन गरी जलविधुत उत्पादनको लागि सम्बन्धित निकायमा पहल गरिनरेछ। जलविधुत उत्पादनको लागि आवश्यक जुनसुकै विधि र प्रकृया अवलम्बन गरीनेछ।

- निजी तथा सहकारी क्षेत्रलाइ विद्युत उत्पादनमा आकर्षित गरिनेछ । यस क्षेत्रमा गाउँपालिका वासीको लगानीलाइ प्रोत्सानहत गरिनेछ । वैकल्पिक उर्जाको प्रयोगलाइ बढावा दिनेछ ।

- विधतु लगायतका भौतिक पुर्वाधार निर्माण गर्दा वातावरणीय तथा जैविक जलिय संरक्षणमा विशेषध्यान दिइनेछ ।
- प्रदेश सरकार र विद्युत प्राधिकरणको समन्वयमा आगामी आ. व. मा स्थानीय साना विद्युत पुर्वाधार निमार्ण कार्यको थालनी गरिने छ । सवै घर धुरीमा सोलार सेवा पुगेको सुनिश्चित गरिने छ ।
- शे फोक्सुण्डो गाउँपालिकाका सवै घरधुरीलाई निकट भविष्यमा जलविद्युत सेवा उवलब्ध गराई अन्य उर्जालाइ विस्थापित गरिनेछ ।
- कर्णाली प्रदेश सरकारको उज्यालो अभियान अन्तर्गत उज्यालो शे फोक्सुण्डो कार्यक्रम सवै सरकारी कार्यालय, सवै स्वास्थ्य चौकी, सबै विद्यालय, गुम्बा र व्यक्तिगत घरमा सोलार ब्याकअप जडान कार्य गरिनेछ ।
- नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलाप तथा पुजीगत प्रकृतिका कार्य आवश्यकतको आधारमा अगाडि बढाइने छ ।
- विभिन्न संघ संस्थाहरुसंगको साझेदारीमान् गएकाछुट विभिन्न धार्मिक, सार्वजनिक र पर्यटकीय स्थलहरुमा सोलार बत्तीको व्यवस्था गरिने छ ।

१६ संचार

- गाउँपालिकालाइ संचार क्षेत्रसँग जोड्न तथा आम फोक्सुण्डो बासीले सूचना संचारको भरपुर उपयोग गर्न आवश्यक निकायहरुसंग विशेषपहल गरीपहुचँ वृद्धिगरिनेछ साथैःयसै आ.ब.मा कु गाँउ लगायत मा मोवाइल टावर राख्ने पहल पनि हुने छ।
- फोक्सुण्डो गाउँपालिकालाइ संचारको पहुचँमा वृद्धि गर्न सवै वडाहरुमा ईन्टरनेटको जडानमा विशेष जोड दिइनेछ
- रेडियो, पत्रपत्रिका, टेलिभिजन मार्फत गाउँपालिकाका सुचना प्रशारणस गरिने छ ।
- विगतदेखि सञ्चालनमा रही हाल चालु अवस्थामा नरहेका टेलिफोन सेवालाई निरन्तर सञ्चालन हुने व्यवस्था गरिने छ । साथै टेलिफोन सेवा नभएका सवै वडाहरुमा मोवाइल टावर विस्तारमा जोड दिइने छ ।
- रेडियो टेलिभिजनमा अन्तर सम्वाद, अन्तरक्रिया तथा सुचना, जानकारीमुलक कार्यक्रम सञ्चालनमा जोड दिइने छ
- पत्रकारिता सञ्चार जगतसंग विकास र सुशासनमा सहकार्य गरिने छ ।

## घ वन वातावरण तथा विपद् व्यस्थापनः

१७ बन तथा भूसरंक्षणः

- यस गाउँपालिकाले वन सुरक्षा वृक्षारोपण र वन विविधिकरणको बाटोबाट वातावरणीय जोखिम न्युन गरी वनको वहुउपयोगी नीति लिइनेछ ।

- वन र जैविक विविधता संरक्षण र विकासलाइ सरकारले उच्च महत्व दिईनेछ ।
- अगामी वर्ष फोक्सुण्डो सरकारले धरातल तथा जलवायु अनकुलन वृक्षारोपण वन विकास र वन उपयोग गर्ने गरी वनक्षेत्रका कार्यक्रमहरु सञ्चालन गरिनेछ । सवैवडामा कम्तिमा एक नमनूा वन विकास कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- पहिरो तथा भूक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहीन किसानहरुलाइ जिम्मा दिइनेछ ।
- गाउँपालिका क्षेत्रमा लोप हुदै गएका तथा पशु जन्य घाँसका विरुवा तथा घाँसे चरीचरण उत्पादनमा जोड दिई निजी तथा सामुदायिक वनको खाली तथा वाँझो जग्गाम वृक्षारोपण कार्यलाई पशुजन्य उत्पादन र उत्पादकत्व बढाउने कार्यलाई प्राथमिकता दिइने छ ।
- नेपाल सरकारको फलफुल सहितको वृक्षारोपण गर्ने जस्तै एक भोट एक विरुवाको मुल नारा तथा एक घर २ विरुवाको वृक्षारोपण कार्यक्रमको थालनी गरिने छ ।
- मध्यवर्ती क्षेत्र उपभोक्ता समितिसंगको सहकार्यमा वन तथा वातावरण सम्बन्धी कार्यक्रमहरु संञ्चालन गर्दा
- जैविक विविधताको संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा गरिव तथा विपन्न वर्गको जिविकोपार्जनमा मद्धत पुऱ्याउने कार्यक्रमलाई विशेष प्राथमिकता दिइने छ ।
- वातवरणमैत्री गाउँपालिका वनाउनको लागि वातावरणमैत्री स्थानीय शासन २०७० को सुचक अनुसार कार्यक्रम तय गरिने छ ।
- वातावरण संरक्षण र सिचाईलाई समेत उपयोगीका रुपमा लिइने गरी संरक्षणमा जोड दिइने छ साथै हिउ पोखरी तथा ग्रिन हाउस निर्माण तथा खरिद र वितरण गरिने छ ।
- शसर्त वजेट माध्यम मार्फत वन तथा वातावरण संरक्षण सम्बन्धी विभिन्न क्रियाकलाप सञ्चालन गरिने छ ।
- हरियाली गाउँपालिका वनाउने उद्देश्यका साथ विश्व वातावरण दिवसको अवसरमा बृक्षारोपन कार्यक्रम सञ्चालन गरिने छ ।
- प्रदेशसंगको सहकार्यमा जलाधार तथा फोक्सुण्डो ताल र हिमतलाहरुको संरक्षण तथा भुसंरक्षणमा जोड दिइने छ
- हिउ चितुवा संरक्षणमा जोड दिने गरी हिवुचितुवा संरक्षण समिति र मध्यवर्ती क्षेत्र उपभोक्ता समितिसंग समेत समन्वय गरी अध्यक्षसंग हिउचितुवा संरक्षण कार्यक्रम ल्याइने छ । वन्य जन्तुको चोरी शिकारी, वन डढेलो र अवैध रुपमा जडीवुटीको चोरी निकासीलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न सुरक्षा संयन्त्रसंगको सहयोगमा एकिकृत घुम्ती अनुगमन वर्षको २ पटक गरिने छ ।

१८ जलवायु परिवर्तनः

- गाउँपालिकाभित्र जलवायु परिवतयनले पारेको प्रभाव तथा असर बारे मध्य नजर गर्दै जलवायु परिवर्तनलाइ न्यूनिकरण गर्नपहल गरिनेछ ।

१९ फोहोर मैला व्यवस्थापनः

- मेरो फोहर मेरो जिम्मेवारि भन्ने मुल नाराका साथ टोल सुधार गरिनेछ ।

- गाउँपालिका क्षेत्रको फोहोर मैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा गाउँपालिकालाइ स्वच्छ, हराभरा,सुन्दर राख्न फोहोरमैला व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माणगरिनेछ ।

- फोहोर मैला व्यवस्थापनको लागि प्रत्येक वडा टोल टोलमा टोल विकास समिति मार्फत पुर्ण सरसफाइ अभियानको थालनी गरिने छ । सो को लागि फोहोर संकलन डस्टवीन सबै टोलमा उपलब्ध गराइने छ । साथै नकुहिने फोहोरको हकमा गाउँपालिका मार्फत ढुवानी गरी उचित व्यवस्थापन गरिने छ ।

२० विपद व्यवस्थापनः

- गाउँपालिकाभित्र हुन सक्ने विपद व्यवस्थापन गर्न एक आकस्मिक कोषको व्यवस्था गरिनेछ ।

- विपद्व्यवस्थापन कोष स्थपना गरी आवश्यक वजेट विनियोजन गरिनुका साथै सो कोषको रकम दैवी प्रकोप तथा विपद्व्यवस्थापन र उद्धारमा खर्च गरिने छ ।

ङ सुशासन तथा संस्थागत विकासः

२१ सुशासन -मानव संसाधन विकास

- कार्यरत कर्मचारीहरुको क्रियाकलापलाई बैज्ञानिक ढंगले व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृत र सवै कर्मचारीहरु कार्य सम्पादन करारको सम्झौता गरी सेवा प्रबाहलाई थप जनमुखी एवं नतिजामुलक वनाइने छ ।

- गाउँपालिकाका उपलब्ध मानव संशाधनहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

- गाउपालिकाको कार्यालयले धान्न सक्ने र नभई नहुने जनशक्तिको हकमा मात्र केन्द्र र प्रदेश सरकारको नीति निर्देशनका साथै ऐन कानुनको परिधी भित्र रही दरवन्दी स्वीकृतका आधारमा आवश्यकपदको पद पदपुर्तीका लागि यसै आ.व.मा यथाशीघ्र सम्बन्धित निकायमा लेखि पठाइने छ ।

- हाल कार्यरत करार कर्मचारी नविकरण सम्बन्धमा राजस्व क्षमता, आबश्यकता र कर्मचारीले गरेको कार्य सम्पादन समेतको आधारमा विश्लेषण गर्दा नविकरण भएका कर्मचारीको काम सन्तोषजनक नदेखिएमा पौषको सभामा पुनः नविकरण संशोधन गर्ने कार्यलाई पूर्ण रुपमा कार्यान्वयन गरिने छ ।

- शिक्षा स्वास्थ्य लगायत अन्य क्षेत्र अवश्यक मानव संशाधनलाइ आवश्यक नीति नियमकार्य विधि वनाइ परिपूर्ति गरिनेछ ।

- कर्मचारीहरुलाइ क्षमता वृद्धिका लागि उचित तालिमको व्यवस्थापन गरिनेछ ।

- शे फोक्सुण्डो गाउँपालिकाको केन्द्र तथा सवै वडा कार्यालयहरुमा नागरिक वडा पत्र तथा क्षतिपुर्ती सहितका नागरिक वडापत्र कायम गरी सेवाग्राही प्रति उत्तरदायी बनाइने छ ।

- गाउँपालिका भित्र  कार्यरत कर्मचारीहरुको मनोबल राख्न उचित प्रोत्साहनको व्यवस्था गरिनेछ

- कर्मचारी तथा पदाधीकारीको मनोवल उच्च राख्न सकारात्मक सोच लगायत विभिन्न तालिम तथा भ्रमण जस्ता क्रियाकलापलाई निरन्तरता दिइने छ । काम नगर्ने गाउपालिकाको विकास गतिविधी र सेवा प्रवाहमा अवरोध पुर्याउने र गाउँपालिकाका पदाधिकारी विरुद्ध अनावश्यक गतिविधि गर्ने कर्मचारीलाई अन्यत्र सरुवा गर्न सम्बन्धित निकायमा लेखि पठाइने छ ।

- तेश्रो पक्ष सार्वजनिक सुनुवाई, सम्पन्न योजनाको सार्वजनिक परीक्षण र प्रभाव असर मुल्यौंकन जस्ता गतिविधिबाट सुशासन प्रवर्धननमा जोड दिइने छ ।

- यस गाउँपालिकामा कु गाउँ विद्यालयको लागि शिक्षक दरबन्दी सृजना गरि शिक्षक नियुक्ति गरिनेछ ।

- सै आ.व. भित्र १५ वर्षे दिर्घकालिन सोच सहित ५ वर्षे दिगो रणनीतिक कार्य योजना सहतिको आवधिक योजना र मध्यकालिन खर्च संरचना अनिवार्य तयार गरिने छ ।

<u>२२ संस्थागत क्षमता विकासः</u>

- एकीकृत तथ्यांक व्यवस्थापन प्रणाली सुरुवात गर्ने पारिवारिक विवरण स्थापना गर्ने,सफ्टवेयर मार्फत सवै वडाहरुमा एउटै नेटवर्कबाट तथ्यांक अद्यावधिक सेवा प्रवाह गर्न पहल गरिनेछ।

- पञ्जिकरण तथा सामाजिक सुरक्षा व्यवस्था गर्न अनलाइन सप्टवयर तालिमको व्यवस्था अनिवार्य गरिनेछ।

- कार्यालयको नियमितता तथा व्यवस्थित गर्नका लागि गाउँपालिकामा रहेका माध्यामिक विद्यालय तथा वडाकार्यालयहरु स्वास्थ्य संस्थामा इलोक्ट्रोनिक हाजिरी व्यवस्था गरीनेछ ।

- यस गाउँपालिकाको न्यायीक समिति र वडा स्तरका मेलमिलापकर्ताहरुको न्याय सम्पादन गर्न सजिलोका लागि ४८ घण्टे तालिमको व्यवस्था मिलाइ सक्षम वनाइनेछ ।

- वडा कार्यालय भवन निर्माणका लागि ईच्छुक स्थानीय जग्गा दाताबाट जग्गा लिइ नेपाल सरकारको अनदुान तथा प्राविधिक सहयोग लिईनेछ ।

- वडा कार्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार, मानव संशाधन, फर्निचर, मेशीनरी औजारहरुको व्यवस्था गरी नागरिकहरुलाइ सजिलै, घरदैलोमै सेवा प्रवाह गने अवसर सिर्जना गरिनेछ।

- नागरिक वडापत्र प्रणालीःगाउँपालिका तथा प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

- गाउँपालिकाबाट प्रवाह हुने सेवामा विधुतिय सचूना प्रविधिको अत्याधिक प्रयोग गदै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाईनेछ ।
- गाउँपालिका भित्र सञ्चालित योजना तथा कार्यक्रमको नियामित अनुगमन तथा मुल्याङ्कन गरिने छ ।
- अध्यक्ष ज्यु को सचिवालय र न्यायिक समितिको सचिवालयको प्रभावकारी व्यवस्थापन गरिने छ ।

२३ <u>वित्तीय व्यवस्थापन र सुशासनः</u>

<u>राजस्व परिचालनः</u>

- एक महिना भित्रगाउँपालिकाको राजश्व सधुार कार्ययोजना तर्जुमा गर्नेछ।
- आम जनतालाइ कर तथा राजश्वको महत्वका बारेमा गाउँपालिका वित्तीय क्षेत्र व्यवसायी कर्मचारीको संयुक्तपहलमा संघ संस्थाहरुको सहकार्यमा जनचेतना विस्तार गरिनेछ ।
- एकीकृत सम्पत्ति कर असली व्यवस्थित गर्न सूचना प्रविधिको अवलम्वन गरी अभियान संचालन गरिनेछ।

<u>बेरुजु फर्छ्यौट:</u>

- यस गाउँपालिकालाइ बेरुजु रहितगाउँपालिका बनाईनेछ ।
- समयमैवेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
- वेरुजु असलुीलाइ कडाईका साथ अवलम्वन गरी बेरुजु रहित गाउँपालिका बनाईनेछ ।

<u>इ सार्वजनिक सुनुवाई</u>

- गाउँपालिकाबाट प्रवाह हुनेसेवाको बारेमा समय समयमा सार्वजनिक सनुवुाइ गरिनेछ ।
- गाउँपालिकाका गतिविधि सम्बन्धमा चौमासिक र वार्षिक वुलेटिन प्रकाशन गरिने छ ।

**श्रदेय अध्यक्ष ज्यु**

अन्तमा, स्थानीय सरकारको समग्र बिकासको फराकिलो आधार निर्माण गर्नको लागि प्रस्तुत बजेट, नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा अमुल्यसल्लाह सुझाव दिइ योगदान गर्नुहुने श्रद्धय अध्यक्ष ज्यू स्थानीय तह बिषयगत समिति, विज्ञ समूह, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी बुद्धिजीवि, निजी क्षेत्र, नागरिक समाज, श्रमजीवि नागरिक,सञ्चारकर्मी, विकास साझेदार संघ संस्था र सम्पूर्ण फोक्सुण्डो बासीप्रति धन्यबाद ज्ञापन गर्दै अन्तर हृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु ।धन्यबाद ।

धन्यवाद !

धावा सम्डुक गुरुङ्ग

उपाध्यक्ष